

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रक्सिनी पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत ६ गते सोमबार ❑ 20 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## सरकारमा सहभागी हुने कांग्रेसको निर्णय

रासस
काठमाडौं, ५ चैत

नेपाली काग्रेस केन्द्रीय कार्यसम्पादन समितिको आइतबार बसेको बैठकले पार्टी सरकारमा जाने निर्णय गरेको छ ।

सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा बसेको बैठकपछि पार्टी प्रवक्ता डा प्रकाशशरण महतले सो जानकारी दिनुभएको हो । उहाँले संविधानको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र शान्ति प्रक्रियाका बाँकी कामलाई पूर्णता दिई मुलुकको चौतर्फी विकास र समुन्नतिका लागि पार्टी सरकारमा जाने निर्णय भएको बताउनुभयो ।

पार्टीकातर्फबाट सरकारमा सहभागी हुने मन्त्री चयन गर्दा काग्रेसले योगदान र योग्यताको मुख्य दुई आधारमा समावेशिता तथा प्रादेशिक सन्तुलनलाई आधार बनाउने निर्णय गरेको छ । गठबन्धन दलबीचको समभदारी र एकतालाई अझ बलियो बनाउँदै अघि बढ्ने क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा रहेको वर्तमान सरकारलाई समर्थन गर्ने र भोलि चैत ६ गतेको प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्रीले राख्नुहुने विश्वासको मतको प्रस्तावको पक्षमा मतदान गर्न पार्टी संसदीय दललाई निर्देश गर्ने निर्णय भएको प्रवक्ता डा.महतले जानकारी दिनुभयो । यसैगरी पार्टी सरकारमा सहभागी हुने निर्णय भएसँगै आज बस्ने प्रतिनिधिसभाको बैठकमा काग्रेस सत्तापक्षको लाइनमा रहने उहाँले जानकारी दिनुभयो । बैठकले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको उपराष्ट्रपति पदमा निर्वाचित रामसहाय यादवलाई बधाईसहित कार्यकाल सफलताको कामना दिने निर्णय गरेको छ ।

यसैगरी काठमाडौँमा सम्पन्न आइसिसी क्रिकेट विश्वकप प्रतियोगिताका विजयी नेपाली खेलाडीलाई बधाई दिँदै आगामी खेलमा विजयका लागि शुभकामना दिने निर्णय पनि गरेको काग्रेस प्रवक्ता डा महतले जानकारी दिनुभयो । नेपाली काग्रेस संसदीय दलको बैठकले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विश्वासको मत दिने निर्णय गरेको छ । काग्रेस संसदीय दलको आइतबार बसेको बैठकले पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठकको निर्णयलाई मध्यनजर गर्दै उक्त निर्णय गरेको प्रमुख सचेतक रमेश लेखकले जानकारी दिनुभयो । बैठकले विश्वासको मतका लागि आफ्ना सांसदहरुलाई ह्वीप जारी गरिने उहाँले बताउनुभयो । प्रतिनिधिसभाको यही चैत ६ गते बस्ने बैठकमा प्रधानमन्त्री दाहालले विश्वासको मत लिनुहुने भएको छ । बैठकले प्रधानमन्त्री दाहाल नेतृत्वको वर्तमान सरकारमा सहभागी हुने निर्णय गर्नुका साथै प्रतिनिधिसभाको आज बस्ने बैठकदेखि नै सत्ता पक्षको लाइनमा बस्ने निर्णयसमेत गरेको उहाँले जानकारी दिनुभयो ।

बैठकले राष्ट्रपतिमा रामचन्द्र पौडेल र उपराष्ट्रपतिमा रामसहायप्रसाद यादव निर्वाचित हुनुभएकामा उहाँहरु दुवैलाई बधाई दिँदै कार्यकाल सफलताको कामना गरेको छ । बैठकले क्रिकेटको विश्वकप छनोटमा पुग्न सफल नेपाली क्रिकेट टोलीलाई बधाई दिँदै आगामी दिनको सफलताका लागि कामना गरेको छ ।

## बैंकको चर्को ब्याजको कारण पोखरा ट्रेड मलका २० प्रतिशत सटर खाली

पोखरापत्र संवाददाता
पोखरा, ५ चैत




पोखराको ठुलो व्यापारिक प्रतिष्ठान पोखरा ट्रेड मलमा हिजोआज चहल पहल ह्वात्तै घटेको छ । देशको आर्थिक मन्दीका कारण त्यसको प्रभाव उक्त मलमा प्रत्यक्ष रुपमा परेको पोखरा ट्रेड मल संचालक समितिका अध्यक्ष मिनराज काफ्लेले बताए ।

हाल मलमा ८० सटर खाली भएको गुनासो गरे । ५ सय ४ वटा सटर रहेको मलमा हाल बैंक तथा वित्तीय संघ संस्थाको चर्को ब्याजदरले गर्दा २० प्रतिशत सटरहरु खाली भएको अध्यक्ष काफ्लेले जनाए । मलबाट ब्राण्डेड पसलहरु नै विस्थापित हुन थालेको बताएका उनले अहिलेको अबस्थामा कम्तिमा पनि १० प्रतिशत भन्दा कम ब्याजदरमा कर्जा लगानी गर्ने वातावरण सृजना गर्न माग गरे । विश्वकै आर्थिक मन्दीका कारण नेपाल र पोखरा क्षेत्रमा पनि यसको प्रत्यक्ष प्रभाव परेको अध्यक्ष काफ्लेले बताए । यसमा मौद्रिक नीति र सरकारले केही नीतिगत निर्णय गर्न नसकेको खण्डमा जेनतेन पर्ख र हेरको अबस्थामा रहेका व्यवसायीहरु पनि विस्तारै अब विस्थापित हुने बाटोमा लागेको उनले दाबी गरे ।

यही अवस्थामा देश अघि बढेमा बेरोजगार झन बढ्दै जाने, व्यवसायबाट हात झिक्ने अवस्था आउने अध्यक्ष एवं फेन्सी व्यवसायी संघमा समेत आबद्ध भएका काफ्लेले जनाए । बैंकहरुले ब्याजदर बढाएको बताएका उनले पेट्रोलियम पदार्थको मुल्य बृद्धिले गर्दा ढुवानी खर्च बढेसँगै बस्तुको मुल्यमा स्वभाविक रुपमा केही महङ्गोमा बिक्रि गर्नु पर्ने अबस्था आएको उनले जनाए । देशको यस्तो अबस्थामा बैंक तथा वित्तीय संघ संस्थाहरुले अन्य समयमा भन्दा केही कम मुनाफा खाएर पनि व्यवसायलाई अहिलेको अबस्थामा बचाउन तर्फ लाग्नु पर्ने व्यवसायी काफ्लेले जनाए ।

उनले भने "हाम्रो बस्तुको मुल्य महङ्गो भएको छ, जसले गर्दा मार्जिन घटेको छ, ब्याज बढी तिनुपर्दा हामीलाई व्यवसाय गर्न धेरै मुस्किल परेको हो, आम जनताको क्रयशक्ति समेत घटेका वेला यसबाट व्यवसाय र आम जनतालाई पनि असर पर्ने भयो ।" १ सय १२/१३ को प्रति अमेरीकी डलरको मुल्य हिजोआज १ सय ३२ पुगु समग्र विदेशबाट बस्तु आयात गर्दा यसले प्रत्यक्ष असर पारेको काफ्लेले जनाए । भन्सारमै सामान रोकिएकोमा गुनासो गर्दै उनले भन्सारमा सामान रोकिनुले व्यवसायीहरु ठुलो मारमा परेको जनाए । पोखरा क्षेत्रमा मात्र नभई देशका ठुला शहरहरुमा खाली सटर हुनुले देशमा आर्थिक चलायमान बनाउने क्षेत्र व्यवसायमा प्रत्यक्ष प्रभाव हो भनी राज्यले बुझ्नु पर्ने अध्यक्ष काफ्लेको भनाई छ ।

## घट्दै चिसो, बढ्दै पर्यटक

पोखरापत्र संवाददाता
पोखरा, ५ चैत

मुस्ताङमा चिसो घट्दै जान थालेसँगै पर्यटकको आगमन बढेको छ । चिसोका कारण झन्डै दुई महिनाभन्दा बढी सुनसान बनेको जिल्लामा फागुनको तेस्रो सातापछि पर्यटकको आगमन बढेको ल्होघेकर दामोदरकुण्ड गाउँपालिका-३ का वडाध्यक्ष भव्याङ्सेन्जिङ गुरुङले जानकारी दिनुभयो ।

"चिसो छल्न भरेका मुस्ताङीहरु फागुनको तेस्रो सातापछि विस्तारै फर्कन थालेका छन्," उहाँले भन्नुभयो, "फागुनको २३, २४ गतेतिर हिमपात भएपछि पर्यटक हिउँमा रमाउनका लागि पनि आउने गरेका छन् ।" मुस्ताङको यात्रा तय गरेका पर्यटक कतिपय मुक्तिनाथसम्म पुग्ने गर्दछन् भने कतिपय नेपाल र चिनबीचको कोरला नाकासम्म पुगेर फर्कन्छन् । भौगोलिक विविधताले सम्पन्न मुस्ताङ धार्मिक पर्यटनसँगै पदयात्रा पर्यटनको आकर्षक गन्तव्य हो । यहाँको भौगोलिक विविधताले जो-कोहीलाई लोभ्याउने गरेको छ । पछिल्ला समयमा पर्यटक लक्षित पूर्वाधार निर्माणको क्रम पनि बढेसँगै यो स्वदेशी एवं विदेशी पर्यटकको रोजाइमा परेको छ । आजभन्दा चार दशक अघिसम्म मुक्तिनाथ मन्दिरमा जाने यात्रुले होटल अभावमा त्यहाँका पाटी पौवामा बस्नुपर्ने बाध्यता थियो । अहिले भने मुस्ताङमाथि लेतेबाटै मुक्तिनाथ हुँदै लोमन्थाङसम्म सुविधासम्पन्न होटेल बनिसकेका छन् ।

विगतको मुस्ताङमा आउँदा पौ वा र ठाँटी, भैंडीगोठमा बस्नुपर्ने बाध्यतालाई सुविधासम्पन्न होटलले अन्त्य गरिदिएको अर्का स्थानीय रामकुमार थकालीले बताउनुभयो । पछिल्ला समयमा मुस्ताङका ठिनी, स्याङलगायतका गाउँमा स्थानीयले घरबास पनि सञ्चालनमा ल्याएका छन् ।

उपल्लो मुस्ताङको ल्होमन्थाङमा विस्तारै पर्यटकको चहलपहल बढिरहेको अन्नपूर्ण संरक्षण आयोजना (एक्याप) लोमन्थाङका निमित्त प्रमुख रामबहादुर गुरुङले बताउनुभयो । उपल्लो मुस्ताङको लोमन्थाङलाई माटाको सहरका रुपमा समेत लिइन्छ । एउटै पर्खालभित्र एक सय ८० वटा घर रहेको लोमन्थाङमा मुस्ताङी राजको दरबारसमेत छ ।


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पर्यटक भित्र्याउन पञ्चासे जैविक विविधता पार्क

पोखरापत्र संवाददाता
पोखरा, ५ चैत

कास्कीमा पर्यटक भित्र्याउने उद्देश्यले पञ्चासे जैविक विविधता पार्क निर्माण गरिने भएको छ ।

कास्कीको अन्नपूर्ण गाउँपालिका-४ स्थित टाँडीबिसौनीमा पार्कको प्रारम्भिक निर्माण कार्य सुरु हुने भएको हो । गण्डकी प्रदेश सरकारको सहयोगमा निर्माणाधीन पार्क पञ्चासे सुनाखरी पदमार्गको प्रस्थान बिन्दुमा पर्छ । अध्ययन, अवलोकन, भ्रमण र होमस्टे बसाइका निम्ति जाने पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यले पार्कको अवधारणा ल्याएको अन्नपूर्ण-४ का वडाध्यक्ष आइन्दल गुरुङले बताउनुभयो । ५४ रोपनी क्षेत्रफल निर्धारण गरी पार्कको प्रारम्भिक निर्माण सुरुआत गरिसकिएको वडाध्यक्ष गुरुङले बताउनुभयो । "हामीले निश्चित क्षेत्र छुट्याएर चौतारी, फुट ट्ृयाक, घण्टी पोखरी, बगैँचा, बिसौनीस्थल निर्माण गरिसकेका छौँ", उहाँले भन्नुभयो । अब त्यस क्षेत्रमा अन्य पूर्वाधार बनाउने योजना रहेको पार्क निर्माण समिति अध्यक्ष तथा पञ्चासे क्षेत्र विकास समितिका प्रवक्ता नवराज पौडेलले जानकारी दिनुभयो । अब ढुङ्गेधारा, योगा मेडिटेसनस्थल, टि-सप, बोटानिकल गार्डेन, सांस्कृतिक घर, शौचालय, पानी फोहरा, कुटी, पाटीपौवा, सुटिङ स्टेसन, हर्बल गार्डेन, सुनाखरी बगैँचा, सुन्दर फोटो स्टेसनलगायत पूर्वाधार बनाउने योजना छ", उहाँले भन्नुभयो, "पार्कको उत्कृष्ट पर्यटन पूर्वाधार विकास गरी पर्यटक भित्र्याउने लक्ष्य रहेको उहाँले सुनाउनुभयो ।" प्रसिद्ध धार्मिक, पर्यटकीय एवं सांस्कृतिक तीर्थस्थल पञ्चासेको पर्यावरणीय महत्व, जैविक विविधता र पर्यापर्यटन अभियान पार्कले सघाउ पुग्ने स्थानीय विजय गुरुङले बताउनुभयो ।

## प्रेस सेन्टर कास्कीको साधारणसभामा पत्रकार भुसाल पुरस्कृत, जनपक्षिय पत्रकारितामा जोड

पोखरापत्र संवाददाता
पोखरा, ४ चैत


पोखराका कृयाशील पत्रकार विभु भुसाल पुरस्कृत हुनुभएको छ ।प्रेस सेन्टर नेपाल कास्कीको वार्षिक साधारणसभाका अवसरमा आयोजित कार्यक्रममा सेन्टरले सञ्चालन गर्दै आएको 'थमन महेश स्मृति पत्रकारिता पुरस्कार'बाट भुसाल पुरस्कृत हुनुभयो ।

जनपक्षिय पत्रकारितामा दुई दशकदेखी क्रियाशील पत्रकार भुसाललाई नेकपा(माओवादी केन्द्र)का महासचिव देव गुरुङ,सेन्टरका केन्द्रीय अध्यक्ष विष्णु सापकोटा, कास्कीका अध्यक्ष कृष्ण दवाडी लगायतले सो पुरस्कार अर्पण गर्नुभयो । पुरस्कार राशी रु २५ हजार एक रहेको छ ।

सोही अवसरमा पोखराका अग्रज पत्रकारहरु कोमलनाथ बराल, कुशुमकेशव पराजुली, नारायण भट्टराई, विश्वप्रकाश लामिछाने र पदम रेग्मी सम्मानित हुनुभयो । उहाँहरुलाई पत्रकारिता क्षेत्रमा गरेको योगदान स्वरुप सम्मान गरिएको सेन्टरले जनाएको छ । साधारणसभाका अवसरमा 'समृद्धि र जनपक्षिय पत्रकारिता' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले पत्रकारिता जहिलेपनि जनताको पक्षमा र जनताका मुद्दा बोक्नुपर्नेमा जोड दिनुभयो ।

जनपक्षिय पत्रकारिताले जनताका आवाजहरु मुखरित गर्ने भएकाले यसले समाजको सवै क्षेत्र र तहको समृद्धिमा योगदान पुग्ने भनाई सहभागीको छ । पत्रकारिता व्यवस्थित र समाज एवं राष्ट्र प्रति उत्तरदायि हुन सक्दा भ्रष्टाचार नियन्त्रण, सुशासन, सदाचारिता हुने भएकाले यसले समृद्धिमा योगदान पुग्नेमा जोड दिइयो । अग्रज पत्रकार एवं प्रेस स्वतन्त्रता सेनानी कोमलनाथ बरालले पत्रकारिताले राष्ट्रको विकास र समुन्तिमा योगदान दिने भएकाले जनपक्षिय पत्रकारितालाई जीवन्त राख्न सके समृद्धिमा सघाउ पुग्ने बताउनुभयो । जनपक्षीय पत्रकारिताको माध्यमबाट समाज रुपान्तरण गर्नु सञ्चारकर्मीहरुको मूल उद्धेश्य हुनुपर्ने बताउँदै उहाँले समाजवाद उन्मुख शासन व्यवस्थाको आधार तयार गर्न पनि पत्रकारिता आधारभुत जनतासम्म पुग्नुपर्ने बताउनुभयो । बरालले भन्नुभयो,"जनपक्षिय पत्रकारिताले समाजपरिवर्तनकामुख्यएजेण्डाहरुलाई प्राथमिकताकासाथ उजागर गर्दै आमनागरिकमा चेतना फैलाउनुपर्दछ । हामीले देखेको समाजवाद र समृद्धिको यात्रा जनपक्षिय पत्रकारिताबाट मात्र सम्भव हुन्छ ।"प्रेस सेन्टरका केन्द्रीय अध्यक्ष विष्णु सापकोटा जुगलले पत्रकारिता जनपक्षिय पत्रकारितालेमात्र निमुखा बर्ग र दबिएका र दबाइएका बर्ग र समूदायको आवाज बुलन्द गर्न सक्ने बताउनुभयो । उहाँले प्रेस सेन्टरमा आवद्ध सञ्चारकर्मीहरुले अन्य भन्दा पृथक पहिचान कायम राख्न सक्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रेस सेन्टर नेपालका केन्द्रीय उपाध्यक्ष निर्मल ज्ञवाली, महासचिव सन्तोष पौडेल, नेकपा(माओवादी केन्द्र) का केन्द्रीय सदस्यद्धय रामजी प्रसाद बराल, दीपक कोइराला, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, समाजवादी प्रेस संगठनका केन्द्रीय उपाध्यक्ष एवं पत्रकार महासंघ कास्कीका सहसचिव श्रीराम सिग्देल, पत्रकारहरु अर्जुन काफ्ले, राजेन्द्र न्यौपाने, दीननाथ बराल, पुष्प दाहाल लगायतले पत्रकारिताले जनताका मुद्धाहरुलाई उठान गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

# रेवान कपको उपाधि नविनलाई, डबल्सतर्फ अनुज र नविन विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

नविन श्रेष्ठले तेस्रो संस्करणको रेवान पोखरा कप भेट्रान्स टेनिस प्रतियोगिताको उपाधि जितेका छन् ।

आइतबार भएको फाइनल खेलमा डिफेन्डिङ च्याम्पियन राजन पौडेललाई पराजित गर्दै नविनले पहिलोपटक यो उपाधि आफ्नो नाम गराएका हुन् । कास्की जिल्ला टेनिस संघको आयोजना तथा रेवान पोखराको मुख्य प्रायोजनमा पोखरा रंगशालामा सम्पन्न प्रतियोगितामा पहिलो सेटमा ४-२ ले पछि परेका पौडेलले उत्कृष्ट कमब्याक गर्दै ४-६ ले खेल आफ्नो पक्षमा पारे । तर दोस्रो र तेस्रो सेट गुमाउँदा पौडेलले उपविजेतामै चित्त बुझाए । नविनले दोस्रो सेट ६-२ ले तथा तेस्रो सेट सुपर टाइमा ९-२ ले आफ्नो पोल्टामा पारेका थिए ।




त्यसैगरी मेन्स डबल्सतर्फको उपाधि अनुज कुमार बाँस्तोला र नविन श्रेष्ठको जोडीले जितेको छ । गोपीबहादुर भट्टराई र सूर्यबहादुर भुजेल विरुद्धको फाइनल खेलमा ६-१, ६-१ को सहज नतिजा निकाल्दै अनुज र नविनको जोडिले उपाधि आफ्नो पक्षमा पारेका हुन् । जितसँगै विजयी खेलाडीले नगद रु १० हजार तथा उपविजेता खेलाडीले नगद रु ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा नवप्रवेशी तर्फ दुर्गा सुनार विजेता तथा सिरोज कोइराला उपविजेता बने । उनीहरुले ट्रफि पुरस्कार प्राप्त गरे । प्रतियोगिता समापन समारोहका प्रमुख अतिथि रेवान पोखराका वरिष्ठ उपाध्यक्ष विश्वराज पौडेलले विजयी खेलाडीहरुलाई एक समारोहका विच नगद तथा ट्रफि पुरस्कार वितरण गरे । सो अवसरमा बोल्दै पौडेलले स्वास्थ्य, भाइचारा र खेल पर्यटन विकास प्रतियोगिता महत्वपूर्ण रहेको औंल्याए । विशेष अतिथि नेपाल प्रहरीका पूर्व डीआइजी केशव अधिकारीले खेलक्षेत्रमा पोखरा नेपालमै अग्रणी रहेको बताए । अर्का अतिथि पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका पूर्वउपाध्यक्ष सुनिल गुरुङ्गले टेनिसमा पोखराले अभूतपूर्व सफलता प्राप्त गर्दै गएको जनाए । कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक गुरुङको अध्यक्षतामा भएको समापन समारोह संघका केन्द्रिय उपाध्यक्ष विनोद कायस्थ, जिल्ला उपाध्यक्ष नविन चालिसेले लगायतले आ-आफ्नो भनाई राखेका थिए ।



रुद्राक्षको माला
पोखरा-६, लेकसाइड गौरीघाटस्थित फेवाताल छेउमा बिक्रीका लागि रुद्राक्षको माला मिलाउदै व्यापारी । तस्बिरः जमुनावर्षा शर्मा

# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनद्वारा व्यवसायीलाई सकारात्मक सोच सम्बन्धी तालिम

**प्रतिक्षा पौडेल/ रन्जिता आचार्य**
पोखरा, ५ चैत

बुद्ध बिशाल वजार व्यापारिक एशोसियसन पोखराले आफ्ना व्यवसायी सदस्यहरूलाई एकदिने सकारात्मक सोच सम्बन्धी तालिम सम्पन्न गरेको छ ।

तालिम बोल्दै बुद्ध बिशाल वजार व्यापारिक एशोसियसनका अध्यक्ष केशव बहादुर खत्रीले व्यवसायी साथीहरूमा आज गर्नसकिने काम सकेसम्म आजै गर्न सक्ने सोचको विकास गर्न र भोलि भन्ने बानी हटाउन प्रशिक्षण प्रभावकारी हुने बताउदै व्यवसायीले ग्राहकसँग राम्रो व्यहार गरून् भन्ने उद्देश्यले यो प्रशिक्षण आयोजना गरिएको बताए । एशोसियसनका उपाध्यक्ष ईन्द्रराज अर्यालले व्यवसायी साथीहरूले तालिमपछि व्यवहारमा परिवर्तन ल्याउने अपेक्षा गर्दै तालिम उपयोगी हुने कुरामा आफु विश्वस्त रहेको बताए । कार्यक्रममा बोल्दै प्रशिक्षक भिम प्रसाद श्रेष्ठले सकारात्मक सोचले दिमागलाई आशावादी बनाउने र जीवनको उज्ज्वल पक्ष देखीने बताउदै २ सय मिलिग्राम



तरल पदार्थ अट्ने गिलासमा १ सय मिलिग्राम मात्र तरल पदार्थ छ भने धेरैजसो व्यक्तिहरू सो गिलास आधा खाली भएको देख्छन्/सोच्छन् । तर सकारात्मक सोच राख्नेहरू भने सोही गिलासमा सोही परिमाणको तरल पदार्थ उपलब्ध भएको अवस्थामा आधा भरिइसकेको देख्छन्/सोच्छन् । आधा खाली भयो भन्ने विषयले कालान्तरमा दुःख पैदा गर्न सक्छ तर आधा भरिएको सोच राख्नेहरू आशावादी मानिन्छन् भन्दै प्रशिक्षक श्रेष्ठले व्यवसायी साथीहरूले सिकेका कुरा व्यवहारमा अभ्यास गर्दै गएमा जीवनमा सफल हुने बताए । एशोसियसनका महासचिव बुद्धि बहादुर कुँवरले सकारात्मक व्यक्ति जहिले पनि अधिक आनन्द, खुसी र तुलनात्मक रूपमा राम्रो स्वास्थ्य हुने बताउदै सकारात्मक परिणामको आशा गरे परिणाम पनि सकारात्मक पाउन सकिने बताए । कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सुचना, प्रविधि तथा सन्चार समितिका सदस्य विष्णु प्रसाद अधिकारी क्यानडा देश प्रस्थान गर्न लागेकोमा उनको बैदेशिक यात्रा सुखमय होस भन्दै बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले अधिकारीलाई सम्मानपत्रको साथ विदाई गरेको थियो ।

# सशत्रका डिआइजी सुवेदीलाई आन्तरिक मन्त्रालयको बिदाई

**समिक्षा गौतम/ रन्जिता आचार्य**
पोखरा, ५ चैत

सशत्र प्रहरी बल गण्डकी प्रदेशका प्रमुख तथा गण्डकी प्रदेश सुरक्षा समितिका सदस्य डिआइजी शम्भु सुवेदीलाई आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेशले विदाई गरेको छ ।

काठमाडौं सरुवा हुनुभएका सुवेदीलाई प्रदेश सुरक्षा समितिको नियमित बैठकको अवसरमा आन्तरिक मामिला तथा कानूनमन्त्री रोशन बहादुर गाहा थापाले ढाकाको टोपी, खादा, माला तथा मायाको चिनोमार्फत विदाई गर्नुभयो । सो अवसरमा बोल्नुहुदै मन्त्री गाहामगरले उत्तरोत्तर प्रगतीको कामनासहित थपसफलताको



शुभकामना व्यक्त गर्नुभयो ।

गण्डकी प्रदेशबाट सरुवा भएपनि आवश्यक परेको खण्डमा आगामी दिनमा डिआइजी सुवेदीसँग समन्वय गर्ने धारणा राख्नुभयो । सो विदाई कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी, नेपाल आर्मी विजयपुरका पृतनापति दिपक कुमार बाँनिया, राष्ट्रिय अनुसन्धान विभागका गण्डकी प्रदेश प्रमुख अनुसन्धान निर्देशक मधु कार्की, नेपाल प्रहरीका प्रहरी उपरीक्षक खड्क बहादुर खड्का, मन्त्रलायका उपसचिव चण्डिका पौडेल लगायत मन्त्रालयका कर्मचारीहरुले ढाकाको टोली, खादा, माला तथा मायाको चिनो प्रदान गरिएको थियो ।

प्रदेश सुरक्षा समितिको नियमित बैठकमा शान्ति सुरक्षा, विपद् व्यवस्थापन, स्ववियु निर्वाचन लगायतको विषयमा छलफल भएको थियो ।

# पोखरा र घोराही उपमहानगरबीच अनुभव आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

पोखरा महानगरपालिका र घोराही उपमहानगरपालिकाको न्यायिक समितिबीच न्याय सम्पादनका अनुभव आदानप्रदान भएको छ ।

घोराही उपमहानगरपालिकाका उपप्रमुख हुमकुमारी डिसी र पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जु गुरुङले न्याय सम्पादनबारे आ-आफ्ना अनुभव आदानप्रदान गरेका हुन् । उपप्रमुख डिसीको टोलीमा घोराही उपमहानगरपालिका प्रशासकीय अधिकृत भोजराज घिमिरे, वडासदस्यहरू धर्मराज चौधरी, मोहनराज आचार्य, उपेन्द्र अङ्गेली, ओमप्रकाश बस्नेत, गोपाल खड्का, तारा पुरी लगायतको सहभागिता रहेको थियो । उक्त टोलीले पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङसँग पोखरा महानगरपालिकामा न्याय सम्पादनमा भइरहेका असल अभ्यास, समस्या र चुनौतीबारे छलफल गर्दै अनुभव आदानप्रदान गर्नुभएको हो । भेटमा उपप्रमुख गुरुङले महानगरले न्यायिक समितिमा आउने विवादका प्रकृति, अवस्थालगायत समग्र महानगरकाको विषयमा जानकारी गराउनुभएको थियो । पोखरा महानगरमा विवादको अवस्था हेर्दा मानाचामल, जग्गाको विवाद, ज्येष्ठ नागरिकलाई लालनपोषण नगरेको, साँध सिमाना मिचेको लगायतका विवाद बढी आउने गरेको बताउनुभयो ।

# राष्ट्रिय क्रिकेट टोलीका सदस्य करन केसीलाई मञ्चले सम्मान गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चले राष्ट्रिय क्रिकेट टोलीका सदस्य करन केसीलाई सम्मान गर्ने भएको छ ।

मञ्चको आइतबार बसेको सचिवालय बैठकले करनलाई नगदसहित सम्मान गर्ने भएको हो । सो बारे जानकारी दिँदै मञ्चका महासचिव कृष्ण तिमिल्सिनाले नेपालमा हालै सम्पन्न लिग टु क्रिकेट प्रतियोगितामा बिजयी बनाउन महत्वपूर्ण भूमिका खेल्ने नेपाली राष्ट्रिय टिमका सदस्य करनलाई नगद २० हजारसहित दोसल्ला र प्रमाणपत्रले सम्मान गर्ने बताए । महासचिव तिमिल्सिनाले भने-"लामो समय देखि गण्डकी प्रदेशका खेलाडी समेत रहेका करनले राष्ट्रिय टिमको सदस्यको रुपमा नेपालको झण्डालाई उचाईमा पुऱ्याउन र राष्ट्रिय गौरव बढाउन जुन भूमिका खेलेका छन् त्यो महत्वपूर्ण छ भने खेलाडीको रुपमा करनको भूमिका समेत उत्तिकै सऱ्हानिय छ ।" मञ्चले उनको खेलायात्रालाई अझै मनोबल बढाउन सम्मान गर्न लागेको उनको भनाई थियो ।

मञ्चले आफ्नै सचिवालय गैह्रापाटनमा विहान ८ बजे सम्मानको कार्यक्रम तय गरेको उनले जानकारी दिए ।

मञ्चका प्रथम उपाध्यक्ष दिल बहादुर गुरुङको अध्यक्षतामा भएको बैठकले अप्रिल ६ पिस एण्ड स्पोर्टस डेको अवसरमा खेलकुद पत्रकारहरु संग मैत्रीपूर्ण फुटबल प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको छ भने मञ्चले २०८० सालको क्यालेण्डर समेत प्रकाशित गर्ने निर्णय गरेको मञ्चले जनाएको छ ।

# धारामा...

करिब छ सय जनाको बसोबास रहेको लोमन्थाङ झन्डै दुई महिना भने सुनसान भएको बताउँदै उहाँले चिसोका कारण अधिकांश व्यक्ति तलतिर झरेको बताउनुभयो । "चिसो घटेसँगै विस्तारै स्थानीयवासी फर्कन थालेका छन्", उहाँले भन्नुभयो, "पछिल्ला दिनमा पर्यटकको आगमन पनि बढ्दै गएको छ ।"

उपल्लो मुस्ताङमा भएका गुफा तथा गुम्बा हेर्नका लागि पनि स्वदेशी एवं विदेशी पर्यटक आउने गरेको झोङका स्थानीय मिककुमार गुरुङले जानकारी दिनुभयो । झोङमा रहेको ऐतिहासिक गुफाले यहाँ आउने जो-कोहीलाई लोभ्याउने गरेको बताउँदै उहाँले पाँच तला र एक सय आठ कोठा रहेको गुफा उपल्लो मुस्ताङको महत्वपूर्ण गन्तव्य रहेको बताउनुभयो । कोरोना त्रासका कारण विगतका दुई वर्ष यहाँको पर्यटनमा पनि असर परेको स्थानीयवासी बताउँछन् । कोरोना प्रभावित पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउनका लागि स्थानीय पालिकासँगै पर्यटनसम्बद्ध सङ्घसंस्थाले पनि कार्यक्रम अघि बढाएका छन् । मुस्ताङमा हालै पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान)ले प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गरेको टेवानका अध्यक्ष कमला गिरीले जानकारी दिनुभयो । "चिसो घट्दै गएको अवस्थासमेत पारेर हामीले फागुनको तेस्रो साता यस क्षेत्रमा पर्यटन प्रवर्द्धन कार्यक्रम सम्पन्न गरेका हौँ", उहाँले भन्नुभयो, "प्राकृतिकरूपले सम्पन्न यहाँका भौगालिक अवस्थितिसँगै मुक्तिनाथ मन्दिर एवं ऐतिहासिक गुम्बा यहाँका पर्यटकीय आकर्षण हुन् ।"

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

**सम्पादकीय**

# उत्साह हिन स्ववियु निर्वाचन

चौध वर्षपछि भएको स्वतन्त्र विद्यार्थी युनियनको चुनावमा ६० प्रतिशत विद्यार्थीले मतदान गरेका छन्। काठमाडौंका कतिपय ठूला क्याम्पसमा थोरैमात्र मत खसेको छास्ववियु निर्वाचनमा कम मत खस्नुमा राजनीतिप्रतिको वितृष्णाले हुन सक्ने अनुमान गर्न सकिन्छ । त्रिवि स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्य सचिव प्रा. पशुपति अधिकारीले ६० प्रतिशत विद्यार्थीले स्ववियु चुनावमा मतदान गरेको जानकारी दिएका छन ।

आइतबार बिहान ८ बजेदेखि अपराह्न ४ बजेसम्म मतदानका लागि समय दिइएको थियो। त्रिविका आंगिक र सम्बन्धनप्राप्त क्याम्पसहरूमा स्ववियु चुनाव भएको थियो । काठमाडौं उपत्यकाभित्रका ७ क्याम्पसमा आज चुनाव हुन सकेन । काठमाडौंको त्रिचन्द्र क्याम्पस, अमृत साइन्स क्याम्पस (अस्कल) प्रदर्शनीमार्गस्थित रत्नराज्य र विश्वभाषा, नेपाल कमर्स क्याम्पस मीनभवन, कीर्तिपुरस्थित आयुर्वेद क्याम्पस र ललितपुरको पाटन क्याम्पसमा स्ववियु चुनाव नभएको त्रिविले जनाएको छ।

काठमाडौं उपत्यका बाहिर केही क्याम्पसमा विवाद हुँदा स्ववियु चुनाव स्थगित पनि भएका छन्। छिटपुट घटनाबाहेक शान्तिपूर्वक नै स्ववियु चुनाव सकिएको अधिकारीको भनाइ छ। स्ववियु चुनाव रोकिएका क्याम्पसहरूमा भने आपसी समझदारीमा चुनाव मिति तोकेर पछि चुनाव हुनेछ। स्नातक तहको परीक्षा आउन लागेका कारण कम मत खसेको हुनुपर्छ ।अब परिक्षा नसकि निर्वाचन हुन कठिन छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरुमा आइतबार भएको निर्वाचनको मतपरिणाम आउन थालेको छ । विशेषगरी कम विद्यार्थी संख्या भएका सम्बन्धन प्राप्त कलेजहरुको नतिजा आएको छ। आइतबार साँझ ८ बजेसम्म प्राप्त मतपरिणाम अनुसार ३० वटा क्याम्पसमा सभापति जितेर एमालेनिकट अनेरास्ववियु पहिलो स्थानमा छ । त्यस्तै, माओवादी केन्द्रनिकट अखिल क्रान्तिकारीले १२ वटा क्याम्पसमा सभापति जितेको छ भने नेपाली कांग्रेसनिकट नेविसंघले १३ र नेकपा एसनिकट अनेरास्ववियूले ३ क्याम्पसमा सभापति जितेका छन् ।

ज्नमोर्चा निकट अखिल छैटौंले एउटा क्याम्पसमा सभापति जितेको छ भने विप्लव नेकपानिकट अखिल क्रान्तिकारीले एउटा क्याम्पसमा सभापति जितेको छ। किर्तिपुर स्थित केन्द्रीय क्याम्पसमा नेविसंघले सभापति र कोषाध्यक्ष जितेको छाअनेरास्ववियुले सचिव पद जितेको छ। निर्वाचनमा गठबन्धन गरेर जाँदा कस्को शक्ति कति छ भन्नेमा यकिन हुन सकेको छैन ।आ आफ्ना मुद्दा लिएर चुनावमा जानू भन्दा गठबन्धन गरेर भाउ विलो लगाउने प्रणालीले राजनीतिलाई विकृत बनाएको छास्ववियुको महत्त्व कम हुँदै गएको छाएकै दिन निर्वाचन गराउन नसक्ने र पराजित भइन्छ भन्ने डरले ताला लगाएर रोक्नाले स्ववियु कमजोर र अर्थहीन हुन पुगेको छ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाव | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : व्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कलाकार सङ्घको अध्यक्षमा निरौला विजयी

रासस

काठमाडौं, ५ चैत

कलाकारको छाता सङ्गठन नेपाल चलचित्र कलाकार सङ्घको अध्यक्ष पदमा मोहन निरौला विजयी हुनुभएको छ ।

शनिबार सम्पन्न १९औँ साधारणसभामा उहाँ कुल खसेको चार सय ६८ मतमा दुई सय ३५ मत प्राप्त गर्दै विजयी हुनुभएको हो । उहाँको निकटतम् प्रतिद्वन्द्वी अभिनेत्री रेजिना उप्रेतीले दुई सय नौ मत प्राप्त गर्नुभयो । सङ्घ स्थापना हुँदा नै सदस्यमा रहनुभएका निरौला त्यसपछि कार्यसमितिमा चार कार्यकाल महासचिव र तीन कार्यकाल उपाध्यक्ष रहिसक्नुभएको छ ।

"संस्थापक सदस्य भएकाले मेरो लगाव र दायित्व सङ्घप्रति बढ्दो छ । आगामी दिनमा कलाकारले आफ्नो महसुस गर्ने गरी काम गर्नेछु", नवनिर्वाचित अध्यक्ष निरौलाले भन्नुभयो, "मैले घोषणा गरेका अधिकांश काम गर्नेछु । कलाकारलाई पेसागत सुरक्षाका लागि बढी काम गर्नेछु ।" उपाध्यक्षमा कविता गेलालले एक सय ५१ मत र शिवहरि नेपाल 'वैरागी' ले एक सय ४० मत तथा महासचिवमा सविन श्रेष्ठले एक सय १२ मत प्राप्त गरेर विजयी हुनुभयो ।

यस्तै सचिवमा रामेश्वर बुर्लाकोटीले दुई सय २३ मत र कोषाध्यक्षमा सुनिल कटुवालले दुई सय ६० मत प्राप्त गर्दै विजयी हुँदा सहकोषाध्यक्षमा पवित्रा आचार्य निर्विरोध निर्वाचित हुनुभयो । सदस्यमा शीतल केसी सर्वाधिक तीन सय दुई मत ल्याएर विजयी हुनुभयो ।

अन्य सदस्यमा गोपाल ढकाल 'छन्दे' (दुई सय ८७), उद्धवप्रसाद भट्टराई (दुई सय ११), पवन केसी (दुई सय दुई), नम्रता खरेल (एक सय ८७), पुकार भट्टराई (एक सय ८२), खुशबु खड्का (एक सय ७७), सरिता राधोपाध्याय (एक सय ४६), रोशन श्रेष्ठ (एक सय ३५) र समीर लामा (एक सय ३३) मत प्राप्त गरेर विजयी हुनुभयो । झन्डै सात सय सदस्य रहेको सङ्घको निर्वाचनमा चार सय ६८ मतमात्र खसेको थियो ।

# गुरुयोजना बनाउँदै अजिरकोट

रासस

गोरखा, ५ चैत

गोरखाको अजिरकोट गाउँपालिकाले पालिकाभित्र सडक पूर्वाधार विकासका लागि गुरुयोजनाको काम अघि बढाएको छ । गाउँपालिकाले पालिकाको जनघनत्व, आवश्यकता, बढ्दो सहरीकरणलाई ध्यानमा राखेर सडक पूर्वाधार विकासको कामलाई तीव्ररूपमा अगाडि बढाउने उद्देश्यसहित यातायात गुरुयोजना नै निर्माणको थालनी गरेको गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाले जानकारी दिनुभयो ।

गुरुयोजना निर्माणका लागि अहिले पालिकाभित्रका सबै वडामा सार्वजनिक सुनुवाइको काम सुरु भइसकेको उहाँले बताउनुभयो । "अहिले सबै वडामा सुनुवाइ हुने क्रम चलिरहेको छ", उहाँले भन्नुभयो, "कुन सडकलाई कस्तो मापदण्ड बनाउने, सडक निर्माण गर्न लागिएको ठाउँका जनताको गुनासो के छन् भनेर राय सुझाव सङ्कलनको काम भइरहेको छ ।" लगत्तै परामर्शदाता, भूगर्वविद्, अमिन, इन्जीनियरलगायतका प्राविधिकको टोलीले गुरुयोजना निर्माणका लागि सुझावसहितको प्रतिवेदन तयार पार्ने उहाँले बताउनुभयो ।

करिब साढे दुई महिनाभित्रमा गुरुयोजना निर्माणको काम सम्पन्न भइसक्ने अध्यक्ष देवकोटाको भनाइ छ । "एकपटक निर्माण गरेको सडक दुई-चार वर्षमा भत्काएर पुनः नयाँ बनाउनुपर्ने बाध्यता सबैतिर छ, त्यसले समय र लागनीसमेत बर्बाद भइरहेको छ", उहाँले भन्नुभयो, "यसलाई रोक्न र विकासलाई दीर्घकालीन लक्ष्यसहित तीव्रगतिमा अघि बढाउन पालिकाले यातायात गुरुयोजना निर्माणको काम अघि बढाएको हो । "उहाँले पालिकाले आफ्नै यातायात गुरुयोजना बनाएपछि पालिकाभित्र सडक निर्माण गर्दा दीर्घकालीन लक्ष्य बनाएर योजनाबद्धरूपमा सडक निर्माणको थालनी गरिनेसमेत बताउनुभयो । "गुरुयोजना निर्माण गर्दा पालिकाभित्रका सडकलाई चार भागमा वर्गीकरण गर्न लागिएको छ", अध्यक्ष देवकोटाले भन्नुभयो, "वर्गीकरणका क्रममा सडकका मापदण्डसमेत निर्धारण गरिनेछ र त्यसका आधारमा मात्र सडक निर्माणको काम अघि बढ्छ ।" उहाँका अनुसार गाउँपालिकाले निर्माण गर्न लागेको गुरुयोजनामा 'क' वर्गको सडकको न्यूनतम मापदण्डअनुसार चौडाइ १४ मिटर रहनेछ भने 'ख' वर्गको सडकको न्यूनतम मापदण्डमा चौडाइ १० मिटर रहने व्यवस्था गरिनेछ । त्यस्तै 'ग' वर्गको सडकको चौडाइ न्यूनतम आठ मिटर र 'घ' वर्गको सडकको मापदण्ड चौडाइ न्यूनतम छ मिटर कायम गरिने अध्यक्ष देवकोटाले बताउनुभयो ।

"हामीले एकपटक सडक निर्माण गरिसकेपछि अबको ५० वर्षसम्म अजिरकोटको भविष्य यसले सुनिश्चित गर्दछ", उहाँले भन्नुभयो, "यस्तो रणनीतिक महत्वका विषयवस्तुलाई ढिलाइ गर्दा हामीले भोलिको गाउँपालिकालाई व्यवस्थित गर्न सक्दैनौं भनेर गुरुयोजना निर्माणको थालनी गरिएको हो ।" गाउँपालिकाले यातायात गुरुयोजना निर्माण गर्दा जनघनत्व, आवश्यकता र महत्वका आधारमा सडकको वर्गीकरण गर्न लागेको उहाँको भनाइ छ । उहाँले गाउँपालिकाको बजेटबाट मात्र सबै सडक निर्माणको काम अघि बढाउन नसक्ने भएकाले पनि गुरुयोजना निर्माण गरेपछि समपूरक तथा सङ्घीय अनुदानलाई केन्द्रित गर्न सजिलो हुने तथा दीर्घकालीन योजनासहित सडक निर्माणको काम अघि बढाउन सजिलो हुने बताउनुभयो ।

सडक योजना निर्माण गर्दा गाउँपालिकाका वडाहरू गाउँपालिकाको केन्द्र, अस्पताल तथा सहर र अन्य ठूला विकासका पूर्वाधारसँग जोडिएका सडकलाई पहिलो प्राथमिकताको सडकका रूपमा विकास गर्ने योजना गाउँपालिकाको रहेको अध्यक्ष देवकोटाको भनाइ छ ।



## पसल बिक्रीमा

पोखरा रानीपौवा टेलिकम पुरानो गेट अगाडि अत्यन्त चालु अवस्थामा रहेको सन्ध्या ब्युटीपार्लर एण्ड कस्मेटिक पसल तुः बिक्रीमा छ ।

सम्पर्कः ९७६५९३०३५८


# विदेशमा ठक्कर: स्वदेशमा अवसर

रासस

बागलुङ, ५ चैत

समथर भू-भाग । चारैतिर हरियाली गहुँ बालीले ढाकिएका फाँटहरू । त्यही फाँटको मध्यभागमा सेताम्य प्लास्टिक टनेलभित्र लटरम्म फलेका गोलभैँडा, बन्दा र काउली । यो तरकारी खेती यहाँका युवाले भने गरेका होइनन् । चार वर्ष अगाडि पर्वत महाशिला गाउँपालिका-४ का प्रकाश पौडेल र जैमिनीका गोविन्दप्रसाद सुवेदीले सुरु गरेको तरकारी खेती हो । कुँडुलेका अधिकांश युवाशक्ति विदेशमा छन् । यहाँ खेतीयोग्य जमिनलाई पौडेल र सुवेदीले व्यावसायिकरूपमा प्रयोग गर्नुभएको छ ।

युवा विदेश पलायन भएपछि कुँडुलेका गाउँघर उराठिलो बनेका छन् । खेतीयोग्य जमिन वनमाराले ढाकेको छ । गाउँमा अहिले वृद्धवृद्धा, महिला र बालबालिकामात्रै छन् । पौडेल र सुवेदी ज्वाइँ-जेठान हुनुहुन्छ । पौडेल पनि विदेशमा हण्डर खाएर फर्किएपछि व्यावसायिक तरकारी खेती गर्ने सोच आएको हो । तेत्तीस वर्षीय प्रकाशसँग तीन वर्ष अफगानिस्तान र तीन वर्ष मलेसियामा पसिना बगाएको अनुभव छ । गोविन्द भने अहिलेसम्म विदेश जानुभएको छैन । पौडेलसँग विदेशमा भोगेको भोगाइको फेहरिस्त छ । विदेशमा २० घण्टासम्म कडा परिश्रम गर्दासमेत आफूले सोचेजस्तो कमाइ गर्न नसकेपछि स्वदेश फर्किनुभएका पौडेललाई अहिले तरकारी खेतीबाट सन्तुष्टि मिलेको छ । चार वर्ष अगाडि ज्वाइँ-जेठानको संयुक्त लगानीबाट सुरु भएको तरकारी खेतीले अहिले खुसीसँगै आम्दानी पनि दिन थालेको छ । रु पाँच लाखबाट सुरु गरेको व्यवसायमा हालसम्म रु ११ लाख बढी लगानी गरिसकेको पौडेलको भनाइ छ ।

कृषिसम्बन्धी तालिम लिएर व्यवसाय सुरु गर्नुभएका पौडेल र सुवेदीलाई सुरुआती चरणबाटै सफलता हात पर्न थालेको छ । परिवारसँगै पौडेल बिहानदेखि बेलुकासम्म बारीमै काम गर्नुहुन्छ । तरकारीका बीच-बीचमा उम्रेका झारपात उखेल्नेदेखि भर्खर फल्न थालेका तरकारीलाई झाल हाल्ने र बारी खन्ने काम उहाँहरूको दैनिकी हो । घर पर्वतमा भए पनि कुँडुलेमा जग्गा भाडामा लिएर व्यवसाय सुरु गर्नुभएका उहाँहरूले जग्गा भाडामात्रै वार्षिक करिब एक लाख तिर्ने बताउनुहुन्छ ।

ज्वाइँ-जेठानले 'मुक्तिनाथ एकीकृत कृषि फार्म' दर्ता गरी व्यवसाय अघि बढाउनुभएको छ । व्यवसाय फस्टाउँदै गएपछि पौडेल र सुवेदीसँगै उहाँका परिवार पनि खुसी भएका छन् । पौडेल भन्नुहुन्छ, "सुरुमा ठूलो पैसा कमाउने आशले विदेश गइयो, तर विदेशमा जति दुःख, सङ्घर्ष गर्ने हो भने यहाँ पनि राम्रो कमाइ गर्न सकिन्छ, अहिले यहाँ त त्यसरी मरिमेटी काम गर्न परेको छैन, सीमित समय काम गरे पुग्छ, विदेशमा निकै दुःख गरियो, न बिरामी हुँदा उपचार, न भोक लाग्दा समयमै खाना, अहिले आफ्नै परिवारसँगै काम गर्दा रमाइलो लाग्छ ।"

पौडेललाई विदेशमा छ वर्ष बिताएकामा अहिले पश्चताप लाग्छ । उहाँ स्वदेशमै व्यवसाय तथा अन्य काम गर्दा देश परिवर्तनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुहुन्छ । विदेशमा बेच्ने श्रम आफ्नो गाउँठाउँमै गर्न सके समाज परिवर्तनसँगै आफ्नो परिवारको पनि जीविकोपार्जनमा सहजता आउने उहाँको भनाइ छ । व्यवसायलाई थप प्रवर्द्धनका लागि लगानी बढाइराखेको उहाँ बताउनुहुन्छ ।

कृषकका लागि धेरै अनुदान तथा कार्यक्रम आए पनि वास्तविक कृषकले नपाएको गोविन्दप्रसाद बताउनुहुन्छ । अहिलेसम्म कृषि ज्ञान केन्द्रले रु एक लाख ५० हजारको टेनलबाहेक सहयोग नभएको भन्दै नगरपालिकाबाट कुनै पनि सहयोग पाउन नसकेको गुनासो गर्नुहुन्छ । कृषकलाई प्राविधिक, समय-समयमा तालिम, मल, उन्नत जातका बीउबिजन र किटनाशक औषधि उलब्ध गराउन सके जिल्लालाई तरकारीमा आत्मनिर्भर बनाउन सकिने सुवेदीको भनाइ छ ।

"यहाँ कृषिमा ठूलो सम्भावना छ, अहिले हामीहरूले सा-सानो फार्म चलाएर पनि जीविकोपार्जन गरेका छौँ, खाडी मुलुकमा जानुपरेको छैन, साउदी, कतारमा कमाउने दाम यही पनि कमाइन्छ", उहाँले भन्नुभयो, "तर राज्यले दिने सेवा सुविधा निर्वाहमुखी कृषकलाई र व्यावसायिक कृषक एउटै भएको छ, राज्यले व्यावसायिक कृषकलाई प्राथमिकता दिनुपर्छ, अहिले अनुदान पाउनेमा व्यावसायिक कृषकभन्दा बढी निर्वाहमुखी कृषक छन् ।"

सुवेदीले बाहिरबाट विषादी प्रयोग भएर आउने तरकारीले गर्दा आफूहरूले उत्पादन गरेका तरकारीले बजार नपाउने समस्या भएको बताउनुभयो । बजार पाए पनि निकै कम मूल्यमा बेच्न बाध्य भएको उहाँले सुनाउनुभयो । उहाँहरूले आधुनिकतालाई पनि आत्मसाथ गर्दै, नयाँ प्रविधिबाट सिँचाइ र तरकारी खेतीको सुरुआत गर्नुभएको छ । बारीमा आधुनिक प्रविधिको थोपा सिँचाइमार्फत तरकारीमा पानी लगाउने र मिनी टेलरमार्फत बारी खनजोत गर्दै आउनुभएको छ । उहाँहरूले मल, बीउलगायतका आवश्यक सामग्री बाहिरबाट लिएर तरकारीका बिरुवा आफैँ उत्पादन गर्ने गर्नुहुन्छ ।

पौडेल र सुवेदीले आम्दानी गरेको अधिकांश रकम व्यवसायमै लगाउँदै आएको बताउनुहुन्छ । लागानी गरेर पनि वार्षिक रु तीन लाखभन्दा बढी नाफा कमाउँदै आएको उहाँहरूको भनाइ छ । व्यवसायलाई थप व्यवस्थित र ठूलो बनाउने योजनामा रहनुभएका उहाँहरूले आगामी वर्षमा अहिलेको भन्दा दोब्बर आम्दानी गर्ने गरी योजना बनाउनुभएको छ । विदेशमा हण्डर खाएर फर्केका युवा बागलुङमा धेरै छन् तर, पौडेल र सुवेदी जसरी व्यवसाय कमैले मात्रै गरेका छन् । कृषि ज्ञान केन्द्र बागलुङमा हरेक वर्ष करोडौँका बजेट आउने गरेका छन्। त्यो बजेटलाई कृषकसम्म सहजरूपमा पुऱ्याउने गरी काम गरिरहेको ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो। जिल्लामा पछिल्लो समय व्यावसायिक कृषिमा लाग्ने युवाहरू बढेको भन्दै उनीहरूलाई आधुनिकतासँगै जोड्न थालेको उहाँ बताउनुहुन्छ ।

"कृषकका हरेक समस्यालाई समाधान गर्दै जाने चरणमा छौँ, सबैका समस्या एकैपटक समाधान हुनसकेका छैनन्, अहिले जिल्लामा कृषकले उत्पादन गर्ने तरकारीहरूले उचित बजार र मूल्य पाउन नसकेको सत्य हो", उहाँले भन्नुभयो, "जिल्लामा खपत भइरहेको छ, टाढा-टाढा पुऱ्याउनुपरेको छैन, बाहिरबाट आउने तरकारीलाई रोक्न सके हो भने यहाँका कृषकलाई ठूलो राहत मिल्छ ।"

# रास्वपाले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने

पोखरापत्र संवाददाता

पोखरा, ५ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'लाई विश्वासको मत दिने निर्णय गरेको छ ।

रास्वपाको शनिबार बसेको संसदीय दलको बैठकले प्रधानमन्त्रीलाई विश्वासको मत दिने निर्णय गरेको हो । पार्टीका सचेतक सन्तोष परियारले जानकारी दिनुभयो । प्रधानमन्त्री प्रचण्डले भोलि सोमबार प्रतिनिधिसभाबाट विश्वासको मत लिने कार्यक्रम छ । प्रतिनिधिसभामा रास्वपाका १९ सांसद हुनुहुन्छ ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ९ दरबारथोक गल्ली १ क को बाटो नाली र च्याम्बर निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः दरबारथोक गल्ली १ क को बाटो नाली र च्याम्बर निर्माण

स्थानः पोखरा-९, कास्की

योजना सम्झौता मिति : २०७९/१०/०१ गते

योजना सुरु भएको मिति : २०७९/१०/२२ गते

योजना सम्पन्न हुने मिति: २०८०/०१/१५ गते

योजनाको कुल लागत : रु.८,८८,९१८ ।-

महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.८,००,००० ।-

जन सहभागितावाट : रु.८८,९१८ ।-

उपभोक्ता समिति अध्यक्षः कमलकान्त पौडेल

सम्पर्क नं.: ९८५६०४१७१३

जम्मा उपभोक्ता समिति सदस्य:

६ जना महिला सदस्य: १ जना

**दरबारथोक गल्ली १ क को बाटो नाली र च्याम्बर निर्माण उपभोक्ता समिति पोखरा-९, कास्की**

# सडक कालोपत्रमा ढिलासुस्ती गर्ने निर्माण कम्पनीलाई स्पष्टीकरण

**रासस**
दमौली, ५ चैत

पटक-पटक म्याद थप भएर पनि सडक कालोपत्रको काममा ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई पूर्वाधार कार्यालय तनहुँले स्पष्टीकरणको प्रक्रिया अगाडि बढाएको छ । तनहुँको भानु नगरपालिकास्थित भानुमार्ग र शुक्लागण्डकी नगरपालिकास्थित दुलेगौडा हर्कपुर सडकखण्डमा कालोपत्रको काममा ढिलासुस्ती गर्ने निर्माण कम्पनीलाई कार्यालयले कारबाहीस्वरुप स्पष्टीकरणको प्रक्रिया अगाडि बढाएको हो ।

दुवै सडक कालोपत्रको ठेक्का शङ्करमाली निर्माण सेवा काठमाडौँले पाएको थियो । विभिन्न मितिमा म्याद थप भएता पनि हालको मितिसम्म पटक-पटक पत्राचार र सरोकारवालासँग छलफल गर्दा पनि निर्माण व्यवसायीबाट कार्यप्रगति धेरै न्यून रही सन्तोषजनक नपाइएकाले उक्त कम्पनीलाई कारबाहीस्वरुप स्पष्टीकरण सोधिएको पूर्वाधार कार्यालयका प्रमुख दिनेश घिमिरेले जानकारी दिनुभयो ।

ठेक्का सम्झौताको शर्त र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (७) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ र उक्त नियमावलीको नियम ११३ को उपनियम (६) मा भएको प्रावधान र बोलपत्र सम्झौताको टर्मिनेशन अफ कन्ट्र्याक्टका शर्तबमोजिम उक्त कम्पनीसँग चैत १० गतेभित्र स्पष्टीकरण माग गरिएको छ । "सोहीबमोजिम ठेक्का खारेज गरी कालोसूचीमा राख्नेसम्बन्धी कारबाही किन अगाडि नबढाउने ? सूचना प्रकाशित भएको मितिले सात दिनभित्र स्वयं कार्यालयमा उपस्थित भई स्पष्टीकरण पेस निर्माण व्यवसायीलाई पत्राचार गरिएको छ", प्रमुख घिमिरेले भन्नुभयो । उहाँका अनुसार निर्माण कम्पनीबाट चित्तबुझ्दो जवाफ नआएमा ठेक्का खारेज गरी कालोसूचीमा राख्ने कारबाही अगाडि बढाइनेछ ।

भानुमार्ग-चन्द्रावती-पुलिमराङ कुन्छा कालीमाटी सडकको हालसम्मको प्रगति १४ प्रतिशतमात्रै रहेको छ । विसं २०७६ कात्तिक ४ गते ठेक्का लागेको उक्त सडकको भौतिक प्रगति तीन वर्षमा अत्यन्तै न्यून रहेको हो । निर्माण व्यवसायीको लापरवाहीका कारण दुईपटक म्याद थप हुँदासमेत काम नहुँदा सर्वसाधारणले सास्ती खेप्दै आएको स्थानीय अगुवा गलबहादुर गुरुङले बताउनुभयो । "दश किलोमिटर सडकखण्ड कालोपत्र गर्ने काममा निर्माण व्यवसायीले लापरवाही गर्दै आएका छन्, पटक-पटक सम्बन्धित निकायमा ध्यानाकर्षण गराउँदा पनि काम अगाडि बढ्न सकेन", उहाँले भन्नुभयो, "बाटोको काम नहुँदा सर्वसाधारणले वर्षामा हिलो र हिउँदमा धुलोको सास्ती व्यहोर्नुपरेको छ ।" पूर्वाधार विकास कार्यालय तनहुँले मोटरमार्गको १० किमी खण्ड कालोपत्र, नाला निर्माण तथा ग्याविन जाली भर्नेलगायतका कामका लागि काठमाडौँस्थित शङ्करमाली कन्स्ट्रक्सनसँग सम्झौता गरेको थियो ।

निर्माण व्यवसायीको लापरवाहीका कारण मोटरमार्गको काम सुस्त रहेको स्थानीयवासी रहनुभएका जिल्ला समन्वय समिति तनहुँका पूर्वसदस्य गुरुङले गुनासो गर्नुभयो । उक्त मोटरमार्ग कालोपत्रका लागि पूर्वाधार कार्यालयले रु २३ करोड दुई लाख ८० हजारमा ठेक्का सम्झौता गरेको थियो । कार्यालयले निर्माण कम्पनीलाई रु दुई करोड ६८ लाख निकासा गरिसकेको छ । समयमा काम सम्पन्न नभएपछि विसं २०८० असार १४ गतेसम्म म्याद थप भएको कार्यालयले जनाएको छ ।

दश किलोमिटर सडकखण्ड कालोपत्र, नाला निर्माण तथा ग्याविङ जाली भर्ने लगायतका काम विसं २०७८ माघ १५ गतेभित्र सम्पन्न गर्न विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । विसं २०४९ मा चन्द्रावतीबाट पोखरीछापसम्म सडकको ट्र्याक खोली सवार ीसाधन सञ्चालन हुँदै आएको छ । वर्षात्का बेला सडक हिलाम्मे हुँदा सर्वसाधारणले सास्ती खेप्दै आएका छन् ।

सडक कालोपत्र गर्ने काममा ढिलासुस्ती हुँदा यस भेगका स्थानीयवासीले वर्षात्मा सास्ती खेप्दै आएका छन् । निर्माण व्यवसायीको लापरवाहीका कारण वर्षात्मा हिलो र हिउँदमा धुलोले स्थानीयवासी मर्कामा पर्दै आएको भानु नगरपालिका-१३ का वडाध्यक्ष कृष्ण अधिकारीले बताउनुभयो ।

दुलेगौडा-हर्कपुर सडकको १०.१८ किलोमिटर सडक कालोपत्रका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । उक्त खण्डको प्रगति हालसम्म ३१.५४ प्रतिशत छ । उक्त खण्डको म्याद अन्तिम पटकका लागि विसं २०८० जेठ १४ गतेसम्म थप भएको छ । यस अगाडि उक्त खण्डको दुईपटक म्याद थप भइसकेको छ ।

उक्त खण्ड कालोपत्रका लागि रु २५ करोड १० लाख ६० हजारमा सम्झौता भएको थियो । शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकासँग जोडिने उक्त खण्डको दूरी २३ किलोमिटर छ । पहिलो चरणमा १० किलोमिटर सडक कालोपत्रका लागि ठेक्का सम्झौता भएको थियो । ट्र्याक खुलेको २४ वर्षपछि कालोपत्र सुरु हुँदा स्थानीयवासी खुसी भएका थिए । तर कामको प्रगति नबढ्दा स्थानीवासी चिन्तित छन् ।

# स्वरुप बदल्दै ठूलीपोखरी

**पोखरापत्र संवाददाता**
पोखरा, ५ चैत



लेखनाथसमेत गाभिएपछि पोखरा महानगरमा ९ वटा ताल छन् । यी ठूला तालका अलावा थप पोखरीसमेत छन् । केही पोखरी भने बेवास्ता र मानवीय अतिक्रमणले लोप हुने खतरामा छन् । यसै गरी बेवास्तामा परेको पोखरा ५ धारापानी मार्गको खुँडेपोखरीले गएको फागुन ८ गते एकाएक सबैको ध्यान खिच्यो ।

पोखरीमा ४ वर्षका बालक सुहान केसी क्षेत्रीको डुबेर ज्यान गयो । यो घटनापछि पोखरी संरक्षण, तारबार र सौन्दर्यकरण थालिएको छ । स्थानीय र सरोकारवालाले पोखरीको नामै फेरेर ठूलीपोखरी राखेका छन् । फोहोर र जलकुम्भीले भरिएको पोखरी शनिबार सरसफाइ गरियो । ठूलीपोखरी ताल संरक्षण तथा उपभोक्ता समितिको अगुवाइमा पोखरीबाट जलकुम्भी निकालेर छेउमा राखिएको छ भने नकुहिने प्रकृतिका फोहोर ल्याडफिल साइट पठाइएको छ । सरसफाइ अभियान, वडा कार्यालय र महानगरको सहयोगमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीको टोली र सर्वसाधारणले पोखरी सरसफाइ गरेका हुन् । दशकौंदेखि थुप्रिएको फोहोर र जलकुम्भी सर्वसाधारणले सजिलै निकाल्न नसक्ने भएकाले तालिम प्राप्त सुरक्षा निकायको जनशक्तिले डुंगाको प्रयाग गरी फोहोर संकलन गरेको थियो । कार्यक्रमका लागि वातावरण संरक्षणका लागि महाअभियानले विशेष सहयोग गरेको छ । शनिबार बिहान करिब ५ घन्टा ठूलो जनशक्तिले पोखरीको आधा जति फोहोर निकालेको समितिकी अध्यक्ष केसीले बताइन् । उनले भनिन्, 'सरोकारवाला, स्थानीय सरकार, सुरक्षा निकाय मिलेर शनिबार आधा जति भाग सफा गरेका छौं । अब ११ गतेको दोस्रो चरणको सरसफाइपछि पोखरी प्राकृतिक स्वरुप फर्किन्छ ।'

वडा कार्यालय र स्थानीयको पहलमा भएको भेलाले २ साताअघि निवर्तमान जनप्रतिनिधि अञ्जु केसीको अध्यक्षतामा उपभोक्ता समिति गठन गरेको थियो । सुहानको मृत्यु भएपछि पोखरा महानगरका मेयर धनराज आचार्यले घटनास्थल पुगेर तत्काल पोखरीलाई जोखिम मुक्त बनाउने प्रतिवद्धता गरेका थिए । अहिले पोखरा महानगरले पोखरा तारबार गर्न १० लाख बजेट दिएको छ । फेरि कुनै दुर्घटना नहोस् भनी तत्काललाई पोखरीवरपर तरबार लगाउने तयारी छ । अध्यक्ष केसीले तत्कालको जोखिम हटाएपछि योजनावद्ध रुपले काम गर्ने सुनाइन् । 'यसको दीर्घकालीन उपयोग र सौन्दर्यकरणका लागि डिपिआर तयार गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने योजना छ । तारबारसँगसँगै पोखरीको सीमाकांन सकिन्छ । त्यसपछि योजना बनाएर सानै किन नहोस्, सुन्दर पोखरी, वरिपरि सौन्दर्यकरण गर्दै पर्यटकीय स्थल बनाउनुपर्ने स्थानीयको मत छ ।' पोखरा ५ का वडाध्यक्ष विष्णुप्रसाद बरालले हालै भएको मानवीय क्षतिले आफूहरुलाई सचेत गराएको जनाए । उनले तत्काललाई जोखिम रोक्ने गरी काम गर्ने र २/३ वर्षमा पोखरीलाई पर्यटकीय गन्तव्य बनाउने लक्ष्य सुनाए ।

# ढोरपाटनमा यस वर्ष पहिलो पटक हिमपात

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ चैत

बागलुङको ढोरपाटनमा यस वर्ष पहिलो पटक हिमपात भएको छ ।

लामो समयको खडेरीपछि शनिबार रातिदेखि वर्षासँगै यहाँ हिमपात भएको हो । हिमपातका कारण चिसो बढेको छ । हिमपातले ढोरपाटन उपत्यका सेताम्य भएको स्थानीय होटल व्यवसायी श्यमलाल घिमिरेले बताउनुभयो ।

हिमपातले स्थानीयको जनजीवन कष्टकर भएको घिमिरेको भनाइ छ । हिउँका कारण शनिबार रातभर मोबाइल नेटवर्कले काम नगरेको र आइतबार बिहान घाम लागेपछि काम गर्न थालेको उहाँले बताउनुभयो । हिउँले सडक ठप्प भएपछि ढोरपाटनबाट बुर्तिबाङ झर्ने स्थानीय तथा पर्यटक ढोरपाटनमै रोकिएको घिमिरेको भनाइ छ ।

"हिजो बुटवलदेखि एक बस पर्यटक आएका थिए, हिउँले गर्दा फल्लेघरभन्दा माथि आउन सकेनन्, पछि पिकअपले ल्यायो", घिमिरेले भन्नुभयो, "अहिले घाम लागेको छ, बिस्तारै हिउँ पग्लिन थालेको छ, दिउँसोसम्म सबै सडक खुल्छन् होला ।" हिमपातले गर्दा घोडा खच्चड तथा बस्तुभाउलाई घाँस दाना हाल्नसमेत गाह्रो भएको स्थानीय कूलबहादुर विकले बताउनुभयो । अघिल्लो वर्ष पुस माघमै चार/पाँच पटक हिमपात हुने गरे पनि यस वर्ष ढोरपाटन उपत्यकामा पहिलो पटक हिउँ परेको हो ।

# देशका विभिन्न स्थानमा वर्षा

**रासस**
काठमाडौं, ५ चैत

हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको सामान्य प्रभाव कायम छ । त्यसका कारण देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् गोविन्दकुमार झाका अनुसार अहिले राजधानी काठमाडौँ उपत्यकासहित देशभर आंशिकदेखि सामान्य बदली रहेको छ । अपराह्नतिर देशका पहाडी भूभाग र तराई क्षेत्रमा मेघगर्जन, चट्याङसहित क्षणिक हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । "भर्खरै पनि पश्चिमबाट दिपायल, धनगढीको आकाश भएर नयाँ किसिमको मौसमी प्रणाली प्रवेश गरेको छ, त्यसले गर्दा मेघगर्जन, बदलीसहित वर्षा गराउने बादलको विकसित भएको छ र यो प्रणाली अपराह्नसम्म रहनेछ", मौसमविद् झाले भन्नुभयो । अबका दुई/तीन दिनसम्म देशका पहाडी भूभाग र तराईका केही स्थानमा बदली, मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । महाशाखाको विगत एक घन्टाको विवरणमा डडेलधुरामा तीन मिलिमिटर वर्षा मापन गरिएको छ । ताप्लेजुङ, जुम्लालगायत स्थानमा अहिले वर्षा भइरहेको छ । काठमाडौँमा अपराह्नतिर मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । स्थानीय वायुसँगै पश्चिमी वायु र स्थानीयरुपमा न्यूनचापीय प्रणालीको विकास भई वर्षा गराउने प्रणाली विकसित भइरहेकाले उक्त प्रणालीले बदली गराउने र मेघगर्जन, चट्याङसहित वर्षा गराउने मौसमविद् झाको भनाइ छ ।

# गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको काम अघि बढाइँदै

**रासस**
काठमाडौं, ५ चैत

भरतपुर महानगरपालिका-१५ मा निर्माण रोकिएको गौतमबुद्ध अन्तर र्ष्ट्रिय क्रिकेट रङ्गशालाको काम अघि बढाउन लागिएको छ । भरतपुर महानगरपालिकाले सङ्घीय सरकारसँग पहल गरेर तिर्नुपर्ने रकम मन्त्रिपरिषद्बाट निर्णय गरी भुक्तान गराएर कामलाई अघि बढाउन लागिएको हो ।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले छिट्टै मन्त्रिपरिषद्बाट निर्णय हुने बताउनुभयो । धुर्मुस सुन्तली फाउन्डेसनले रङ्शाला निर्माणका क्रममा रकम अभाव भएको भन्दै काम छोडेपछि झन्डै दुई वर्षदेखि रङ्गशाला अलपत्र अवस्थामा रहेको छ । फाउन्डेसनले विभिन्न व्यक्ति र संस्थालाई रु १८ करोड ४१ लाख भुक्तान गर्न बाँकी रहेको जनाएको छ । भुक्तानी रकम तिर्ने विषयमा समस्या भएकाले काम रोकिएको हो । दाहालका अनुसार भुक्तान दिनुपर्नेलाई सरकारी तवरबाट रकम निकासा गरी भुक्तानी गरेर नयाँ प्रक्रियाबाट रङ्गशालाको काम गर्न लागिएको हो । उहाँले भन्नुभयो, "रकम तिर्नुपर्ने नभएको भए पहिले नै काम हुन्थ्यो । तिर्नुपर्ने बाँकी रहेकै कारण काम अघि वढाउन ढिलाइ भएको हो ।" खेलकुद मन्त्रालयले तत्कालीन सहरी विकास मन्त्रालयका सहसचिव प्रकीर्ण तुलाधरको संयोजकत्वमा खेलकुद मन्त्रालय र भरतपुर महानगरपालिकाको प्रतिनिधि रहेको समिति गठन गरी अध्ययनसमेत गराएको छ ।

सो समितिले प्राविधिक र आर्थिक प्रतिवेदन बुझाइसकेको छ । दाहालका अनुसार तिर्नुपर्ने भुक्तानी तिरेर सङ्घीय सरकारले बोलपत्र आह्वान गरी काम अघि बढाउँदैछ । यो रङ्गशाला यहाँ निर्माणका लागि पहल कदमी गर्नुहुने तत्कालीन चितवन क्षेत्र नं ३ का सांसदसमेत रहनुभएका पुष्पकमल दाहाल 'प्रचण्ड' अहिले प्रधानमन्त्री हुनुहुन्छ । जिल्लामा रङ्गशाला स्थापनाकालदेखि नै उहाँको पहलकदमी रहेकाले यसलाई टुङ्गोमा पुऱ्याउन प्रधानमन्त्री दाहालकोसमेत चाहना रहेको छ । तिर्नुपर्ने भुक्तानीको टुङ्गो लागेसँगै सकेसम्म यसै आर्थिक वर्षबाट बहुवर्षीय आयोजनाभित्र पारेर काम सुरु हुने प्रमुख दाहालको भनाइ छ । भरतपुर महानगरपालिकाले रङ्गशाला निर्माणका लागि त्रिभूवन विश्वविद्यालयका नाममा लालपुर्जा रहेर कृषि तथा वन विज्ञान विश्वविद्यालयले भोगचलन गरेको २० बिघा छ कट्ठा जग्गा उपलब्ध गराएको थियो । निर्माणको समयमा फाउण्डेसनले भुक्तान गर्नुपर्ने बाँकी रकम कहाँबाट तिर्ने भन्ने स्पष्ट कानुनी व्यवस्था नभएका कारण समस्या आएको हो । विसं २०७५ माघ १६ गते महानगरपालिका र फाउण्डेसनबीच भएको सहमतिअनुसार निर्माण सम्पन्न गरेर वा स्रोत जुट्न नसके तत्काल हस्तान्तरण गर्ने उल्लेख भएको छ । फाउण्डेसनले निर्माणको ३५ प्रतिशत काम सम्पन्न भएको महानगरपालिकालाई हस्तान्तरण गर्दा जनाएको थियो । फाउण्डेसनका अध्यक्ष सीताराम कट्टेलका अनुसार निर्माणका क्रममा रु ५७ करोड ९२ लाख खर्च भएको छ । सोमध्ये नगद र जिन्सी गरी रु ३९ करोड ८० लाख उठेको कट्टेल बताउनुहुन्छ । रकम तिर्न नसके पछि विसं २०७७ साउनदेखि रङ्गशाला निर्माणको काम रोकिएको हो । निर्माणका क्रममा सार्वजनिक खरिद ऐनअनुसार काम नभएका कारण सरकारी निकायले भुक्तानी गर्नुपर्ने रकमको जिम्मा लिन कठिन भएकै कारण धेरै समय लागेको हो । महानगरपालिकाले सहमतिविपरीत फाउण्डेसनले भुक्तानी तिर्नुपर्ने अवस्थामा हस्तान्तरण गरेको भन्दै विमती जनाउँदै आएको छ ।

# तस्बिर खिच्ने क्रममा भीरबाट लडेर किशोरीको मृत्यु

**पोखरापत्र संवाददाता**
कुश्मा, ५ चैत

पर्वतको कुश्मा नगरपालिका-१ पाङ अदुवाबारीको भीरबाट लडेर बागलुङकी एक किशोरीको मृत्यु भएको छ । बागलुङको बाङ्गेचौर र पर्वतको अदुवारी जोड्ने लामो झोलुङ्गे पुल छेउबाट भीरमा खसेकी बागलुङ नगरपालिका-२ बस्ने १५ वर्षीया अप्सरा खातुनको मृत्यु भएको हो ।

लामो पुल घुम्न परिवारसहित पुलको पूर्वतर्फ पर्ने अदुवारी पुगेकी खातुन तस्बिर खिच्ने बेला भीरमा खसेकी थिइन् । पुलको पूर्वतर्फको चौरमा राखिएको नेपाल टेलिकमको बोर्ड नजिकै तस्बिर खिच्ने क्रममा चिप्लिएर खातुन भीरमा लडेको पर्वतका प्रहरी प्रमुख मधुसूधन न्यौपानेले बताउनुभयो । न्यौपानेका अनुसार खातुनलाई अचेत अवस्थामा उद्धार गरिएको थियो । उद्धारपछि उपचारका लागि धौलागिरि अस्पताल पुऱ्याउँदै गर्दा उनको मृत्यु भएको हो ।


## श्री बुचाखानी माध्यमिक विद्यालय

### भिमाद-९, बुचाभञ्ज्याङ, तनहूँ

## क्याटलग/ब्रोसर खरिद विधिबाट सवारीसाधन खरिद सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/११/०५**

**यस विद्यालयका लागि देहाय बमोजिमको स्कुल बस खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम सवारी साधन उत्पादन कम्पनी वा सो को आधिकारीक बिक्रेता बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा निजको आधिकारिक बिक्रेताले फर्म दर्ता, भ्याट दर्ता, व्यवसाय दर्ता प्रमाणपत्र,** Letter of Authorization **र आर्थिक वर्ष २०७८/७९ को चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु समाबेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय वमोजिमको सवारी साधन बिक्री गर्न चाहने उत्पादक वा आधिकारिक विक्रेताहरुले स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण(क्याटलग वा ब्रोसर)संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्बन्धित उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारी विधालयबाट लिन सकिनेछ ।**

**सवारी साधनको विवरण**

| Contract No. | Type of Vehicle | General Specification | Quantity | Remarks |
|---|---|---|---|---|
| 2079/80/01 | Right Hand Drive 2*2 Layout Model Bus 36 Capacity | Maximum Power Not Less than 120 HP at governed RPM with torque min. 400 NM at governed RPM. | 1 Unit | Detailed Specification is not included in this notice shall be as per approved Technical Specification. |